गोरखा नगरपालिका ,गोरखा

# नगर सभामा प्रस्तुत
# नीति तथा कार्यक्रम

आर्थिक वर्ष २०७५।७६

(२०७५।०३।१०)

( **गोरखा नगरापालिकाको आ.व. २०७५/०७६को  नीति तथा कार्यक्रम** )

उपस्थित कार्यपालिका सदस्यहरु तथा नगर सभाका सदस्यहरुज्यू, नगरपालिकाका कर्मचारीहरु तथा रेडियोबाट प्रत्यक्ष प्रसारण सुनेर बसिरहनु भएका सम्पूर्ण दाजु, भाइ तथा दिदी बहिनीहरु ।

**"सामाजिक सुशासन, आर्थिक समृद्धि र जनसहभागिता सहितको दिगो बिकास**
**शिक्षा, स्वास्थ्य, व्यवसायिक कृषि र पर्यटकिय पूर्वाधार नगरपालिकाको निकास "**

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान कार्यान्वयन भई स्थानीय तहको निर्वाचन सम्पन्न भएर हामीले गोरखा नगरपालिकाको नेतृत्व लिएको एक वर्ष भन्दा बढी समय व्यतित भई सकेको छ । प्राप्त अधिकार र साधनश्रोतको प्रयोग गरी नगरपालिकाको गत आर्थिक वर्षको वार्षिक कार्यक्रमको कार्यान्वयन करीव सम्पन्न भइसकेको छ ।
यस वीच गत आर्थिक वर्ष २०७४।०७५ मा हामीले लिएका नीति कार्यक्रम र प्राथमिकतामा क्षेत्रहरुका कार्यक्रमहरुको प्रगति सन्तोषजनक रहेको व्यहोरा यहाँहरु सामू राख्न चाहान्छु ।

चालु आ.व. को २०७५ असार ८ गते सम्म कुल वजेट ६०८२६९१६७ (साठी करोड बयासी लाख उनान्सत्तरी हजार एक सय सत्सठ्ठी रुपैया ) प्राप्त भएकोमा चालू तर्फ २७६२१२६०८ (सताईस करोड बैसठ्ठी लाख बाह्र हजार छ सय आठ रुपैया ) र पूजीगत तर्फ १४४८००७७ (चौध करोड अड्चालिस लाख सतहत्तर रुपैय ) गरि कुल ४२१००२६८६ (बायालिस करोड दश लाख दुइ हजार छ सय छयासी रुपैया ) खर्च भएको छ । आर्थिक वर्षको अन्त सम्ममा अधिकाशं योजनाहरु सम्पन्न भई आशा गरिए अनुरुप नै प्रगति प्रतिशत हासिल हुने देखिएको छ ।

संघ र प्रदेशको चुनाव सम्म कर्मचारी संयन्त्र सामान्य रुपमा परिचालन गर्न सकिएको थियो ।तत्पश्चात उपलब्ध जनशक्तिको उचित परिचालन गरी सम्पूर्ण उपभोक्ता समितिहरुलाई तालिम दिई योजना कार्यान्वयन शुरु गरिएकोमा यस पछिको  अवधिमा अधिकांश योजनाहरु सम्पन्न भएका छन् भने केही योजना हरु सम्पन्न हुने क्रममा रहेका छन् ।

अब म गोरखा नगरपालिकाले आगामी आर्थिक वर्ष २०७५।७६ मा लिने नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु । नीति तथा कार्यक्रम तयार गर्दा नेपालको संविधान राज्यको निर्देशक सिदान्त र नीतिहरु, सरकारी नीतिहरु राष्ट्रिय तथा अन्तराष्ट्रिय मञ्चहरुमा नेपालले व्यक्त गरेका प्रतिवद्धताहरु , दिगो विकासको लक्ष्यहरु, नेपाल कानुन, आवधिक विकास योजनाहरु, विषय क्षत्रगत आवधिक योजनाहरुका साथै नगरकार्यपालिकाका सदस्यहरु, नगरसभा सदस्यहरुबाट प्राप्त सल्लाह र सुझाव एंव राजनीतिक दलहरु ,सहकारी, निजि क्षेत्र र विकास साझेदारहरुको सुझावलाई ध्यान दिईएको छ ।

**१.सामाजिक विकास नीति**

**१.१ शिक्षातर्फ**

**१.१ शिक्षातर्फ**

- **"दक्ष जनशक्ति गुणस्तरिय शिक्षा, आत्मनिर्भर एबं समृद्ध नगर हाम्रो अपेक्षा"** भन्ने मुल नारा सहित शैक्षिक क्षेत्रमा ब्यापक सुधारसँगै बिकासको निति लागु गरी एक वडा एक नमुना बिध्यालयको योजना तय गरिने छ ।
- शिक्षा क्षेत्रमा भइरहेका ब्यवसायीकरणलाई न्युनिकरण गर्ने नीति अवलम्बन गरिने छ ।
- शिक्षामा सबैको समान अधिकार र पहूँच पुऱ्याउन अनिवार्य आधारभुत शिक्षालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।
- शैक्षिक बेरोजगारी समस्यालाई ध्यानमा राखी ब्यबसायिक, सिपमुलक र ब्यबहारिक शिक्षा केन्द्रीत कार्यक्रम गरिने छ ।
- सबै बिद्यालयहरुमा भौतिक पूर्बाधार एबं शिक्षक ब्यबस्थापनमा जोड दिइने छ ।
- शैक्षिक उपलब्धीको आधारमा शिक्षक एबं बिद्यालयलाई पुरस्कृत गरिने छ ।
- बिद्यार्थी संख्या, सुगमता आदि मापदण्डका आधारमा बिद्यालय नक्शांकन र शिक्षक दरबन्दीको मिलान कार्यलाई अगाडी बढाइने छ ।
- विद्यालय शिक्षाको गुणस्तर वढाउन शैक्षिक पूर्वाधार सुधार गरिनेछ ।
- शिक्षकहरुको क्षमता विकास गरिनेछ भने विपन्न वालवालिकाहरुलाई छात्रवृत्तिको व्यवस्था गरिनेछ ।
- विद्यालयहरुमा अतिरिक्त कृयाकलापहरुलाई वढावा दिने नीति लिइनेछ ।
- गरिब तथा बिपन्न बालबालिकाहरुलाई प्रत्येक बर्ष **"नगर प्रमुख शैक्षिक छात्रबृत्ति "**प्रदान गर्ने ब्यबस्था गरिने छ ।

- घाइते, बेपत्ता र शहिदका छोराछोरीलाई पठनपाठन तथा प्राबिधिक शिक्षा अध्ययनका लागि बिद्यार्थीहरुको आर्थिक अबस्था हेरी सहयोग पुऱ्याउन छात्राबृति कोष खडा गरिने छ ।
- नगर स्तरमा बहुमुखी प्राबिधिक शिक्षालय स्थापना गर्ने नीति अबलम्बन गरिने छ ।
- अनियमित रुपले लिइने कुनै पनि शैक्षिक शुल्क नियमन तथा नियन्त्रण गरिने छ ।
- बिद्यालयको शिक्षणमा प्रभावकारिता ल्याउन अनुगमन, निरिक्षण र सुपरिबेक्षण गरिने छ ।
- शिक्षकको कार्यक्षमता, कार्यकुशलता, दक्षता, सीप र योग्यता बिकासमा आबश्यक प्रबन्ध मिलाइने छ ।
- श्रोत केन्द्रस्तरीय खेल तथा योग शिक्षकको ब्यबस्था गर्न पहल गरिने छ ।
- शैक्षिक संस्थाहरुमा प्राथामिक उपचार सामग्री पुऱ्याइनेछ भने सवै विद्यालयहरुमा इन्टरनेट सहितको कम्प्युटरको व्यवस्था गरि शैक्षिक क्रियाकलापम सुधार गरिनेछ ।

## १.२. स्वास्थ्यतर्फ

- स्वास्थ्य सेवामा सबै नागरिकहरुको समान पहुँच पुऱ्याउने नीति लिइने छ ।
- स्वच्छ समाज स्थापना गर्न स्वस्थ बनौं सफा रहौं, स्वास्थ्य क्षेत्रमा आमुल सुधार गरौं भन्ने अभियान संञ्चालन गरी आम नागरिकहरुको सहभागितामा गाउँ सफा र नगर सफाको कार्यक्रम सञ्चालन गरिने छ ।
- ब्यक्ति स्वस्थ परिवार स्वस्थ, घर स्वस्थ समाज स्वस्थ, समुदाय स्वस्थ राष्ट्र समृद्धको मान्यतालाई आत्मसात गरी कार्यक्रम तय गरिने छ ।
- नगर स्तरमा बिशेषज्ञ सहितको स्वास्थ्य सेवा संञ्चालन गरिने छ र नगर मातहतको अस्पताललाई आधुनिक एबं प्रबिधियुक्त, दक्ष जनशक्ति सहितको सुबिधायुक्त अस्पतालको रुपमा बिकास गरिने छ ।
- आम नागरिकहरुका लागी नेपाल सरकारले लिएको स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी बनाउन जोड दिइने छ ।
- एक वडा एक स्वास्थ्य केन्द्र स्थापनाको कार्यलाई यथासिघ्र अगाडी बढाउने नीति लिइने छ ।
- वृद्ध वृद्धा, अपाङ्गता भएका र बिपन्न परिवारलाई बिशेष सहुलियत सहितको स्वास्थ्य उपचारको ब्यबस्था मिलाइने छ ।
- दलित तथा अल्पसंख्यक र सिमान्तकृत समुदायका दिर्घरोगी बिरामीहरुलाई प्रकृति अनुरुप आंशिक तथा पूर्ण निशुल्क उपचारको ब्यबस्था मिलाइने छ ।
- एक गाउँ एक स्वास्थ्य क्लिनिकको कार्यलाई प्रोत्साहित गरिने छ ।
- नगरमा एउटा ब्लडबैंक स्थापना गर्ने प्रकृया अगाडी बढाईएको छ ।
- **"जिम्मेवारी छ हाम्रो नगरमाथी, टोलटोलमा स्वास्थ्यकर्मी छन् साथी"** भन्ने भावनाको बिकासका लागि समय समयमा बिपन्न, असहाय, दलित, जेष्ठ नागरिक र गर्भवती महिलाको स्वास्थ्य जाँचका लागि घरदैलो कार्यक्रम संञ्चालन गरिने छ ।
- नगरपालिकाहरुमा आधारभुत स्वास्थ्य विस्तार गर्न सवै वडाहरुमा स्वास्थ्य चौकी। इकाई स्थापना गरी संचालन गरिनेछ ।
- स्वास्थ्य चौकी हरुको लागि आवश्यक औषधि र सामग्रीहरु एवम जनशक्तिको व्यवस्था गररिनेछ ।
- राज्यद्धारा तोकिएका निःशुल्क औषधी बितरणलाई प्रभावकारी बनाइने छ ।
- स्वास्थ्यकर्मीहरुको क्षमता बिकासका कार्यक्रम संञ्चालन गरी स्वास्थ्यमा सबै नागरिकको पहुँच पुऱ्याइने छ ।
- HIV संक्रमितहरुलाई स्वास्थ्य संस्था सम्म सम्पर्कमा आउदाको लागि यातायात खर्च तथा दैनिक पोषण व्यवस्थापनको लागि आवश्यक कार्यक्रम अवलम्वन गरिने छ ।
- आयूर्वेद स्वास्थ्य सेवालाई नगर पालीकाका सवै वडाहरुका विस्तार गर्दै लगिने छ।
- नगर क्षेत्र भित्र आर्यूबेद औषधालयहरुको स्थापना गर्न पहल गरिने छ ।
- घुम्ति आयुर्वेद स्वास्थ्य शिविर, योग प्रशिक्षण कार्यक्रमहरु लागु गरिने छ

## १.३. कला, साहित्य र संस्कृति तर्फ

- लोक संस्कृतिलाई जर्गेना गर्न नगर स्तरमा कला साहित्य संस्कृति केन्द्र स्थापना गर्न अध्ययन गरिने छ ।
- पुराना कला साहित्य र संस्कृतिलाई संरक्षण र सम्बर्द्धन गर्न बिशेष कार्यक्रम ल्याइने छ ।
- समाजमा रहेका बिभिन्न कला प्रतिभाहरु जस्तै लेखक, कलाकार, साहित्यकार, चित्रकार, कालीगढ, आर्टिष्ट तथा स्तम्भकार आदिको रायसुझावको आधारमा कला साहित्य र संस्कृतिको प्रबर्द्धनको कार्यक्रम तर्जुमा गरिने छ ।
- कला, साहित्य र बिकासको लागि कला प्रशिक्षणको ब्यबस्था गरिने छ ।

- पुरातात्विक महत्वका बस्तुहरुको संरक्षण गरिने छ र मठ, मन्दिर,गुम्बा, चर्ज, मदरशा, पाटीपौवा र गुठीहरुको ब्यबस्थापनको कार्यलाई जोड दिइने छ ।
- जिल्लाका कला र संस्कृतिहरुको संरक्षणका लागि वृहत साहित्य सम्मेलन संचालन गरिने छ ।
- स्थानीय संस्कृतिको प्रवर्धनका लागि कृयाशिल संघ संस्था समूहहरु सहकार्य गरिनेछ ।

## १.४. युवा तथा खेलकुद तर्फ

- युवा जनशक्ति समाज बिकासको मेरुदण्ड भएकोले बिकास निर्माण, आर्थिक उन्नती, कृषि उत्पादन र सामाजिक परिचालनमा आम युवा सहभागिता सहितको कार्यक्रमलाई लागु गरिनेछ ।
- युवाहरुलाई उत्पादन सहकारी, क्षमता बिकास, सामाजिक नेतृत्व र सिपमुलक तालिमद्धारा दक्ष बनाइ बिकास कार्यमा लगाइने छ ।
- बैदेशिक रोजगारमा गएका युवाहरुलाई स्वदेशमा फर्किने वाताबरण तयार गर्न कृषि, पर्यटन, उद्योग ब्यपार, जडीबुटी खेती, पशुपालन र उर्जा उत्पादनको कार्यमा ठुलो लगानीको वाताबरण तयार गरी स्वदेशमै रोजगारीको सिर्जना गर्ने नीति लागु गरिने छ ।
- युवा पलायन भए वा भ्रष्ट भएभने देश डुब्छ भन्ने मर्मलाई आत्मसाथ गर्दै युवाशक्ति बिदेश पलायन हुनबाट रोकी नेपाल सरकारबाट संञ्चालित युवा स्वरोजगार कार्यक्रमलाई समायानुकुल परिमार्जन गरी सहज र सरल रुपले स्वरोजगार कर्जा प्राप्त गर्ने वातावरण निर्माण गर्न पहल गरिने छ
- नगरमा निर्मित रंगशालालाई थप व्यवश्थित गरीने छ र इनडोर गेमहरुका लागी सेमी कबर्ड हलको निर्माण गरी एकिकृत खेल अभ्यासको वाताबरण बनाउन पहल गरिने छ ।
- नगर स्तरमा बिभिन्न खेलकुद प्रतियोगिताहरु संञ्चालन गरिने छ ।
- दक्ष एवं अनुशासित खेलाडी उत्पादन गर्न तालिम केन्द्र स्थापना गरी नियमित कक्षा सञ्चालन गर्ने व्यबस्थाका लागिपहल गरिने छ ।
- गाउँ गाउँमा युवा क्लबहरु गठन तथा दर्ता गरी युवालाई सबै क्षेत्रमा परिचालन गरिने छ ।
- नगरमा रहने सबै खेलकुद संघहरु मार्फत खेलकुद गतिबिधी संञ्चालन गरिने छ र **“स्वास्थ्यका लागि खेल, राष्ट्रका लागि खेल**” भन्ने मान्यतालाई जोड दिइने छ ।
- बेरोजगारको तथ्यांक संकलन गरी स्वरोजगारका कार्यक्रम सञ्चालन गरिने छ ।
- रोजगारमुलक उद्योग, इलम र पेशालाई प्रबर्धन गर्ने निति लिइने छ ।
- लघु उद्यम, साना तथा घरेलु उद्योग मार्फत रोजगारी सृजना गर्ने तर्फ जोड दिइने छ ।
- सरकारी तथा गैरसरकारी संघ संस्थाको साझेदारीमा रोजगारमुलक तालिम, शिक्षा र प्रबिधी हस्तान्तरण कार्यक्रम अगाडी बढाइने छ ।
- नगरस्तरीय खेलकुद विकास समिति गठन गर्ने कार्य अघि बढाइेछ ।
- एक वडा एक खेलकुद मैदान निर्माण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

## १.५. गैर सरकारी संघ संस्था तर्फ

- गोरखा नगरपालीका क्षेत्रमा काम गर्ने गैर सरकारी संस्थाहरुको प्रोफाइल तयार गरि गैर सरकारी संस्था डेस्क स्थापना गरिने छ ।
- गैर सरकारी संस्थाहरुको क्षमता अभिवृद्धि गरि नगर पालीकाको नीति तथा कार्यक्रम संगसगै भन्ने मान्यताका साथ कार्यक्रम संचालन गरिने छ ।
- नगरपालिकामा संञ्चालित हुने गैरसरकारी संघ संस्थाले नगरपालिकाको अनिवार्य अनुमती पश्चात आफ्नो कार्य क्षेत्र तय गरी नगरपालीका क्षेत्रमा काम गर्ने ब्यबस्था मिलाइने छ ।
- नगरपालीका द्धारा गठन गरिएका टोल विकास संस्था बाल क्लव युवा क्लव नागरिक सचेतना केन्द्र लगायत विभिन्न संघ सस्थाहरुको संस्थागत विकासको लागि निर्देशिका तयार गरि लागू गरिने छ ।
- नगरपालीकामा संचालनमा रहेको कारोवारिय र रुपान्तरणीय सामाजिक परिचालन कार्यक्रमलाई निरन्तरता दिइने छ ।

**१.८. लक्षित बर्ग तर्फ**

**क) जेष्ठ नागरिकः**

- सामाजिक सुरक्षा भत्तालाई बैकिङ प्रक्रियाबाट सहज रुपपा  बितरण गर्ने ब्यबस्था गरिने छ ।
- हरेक बर्ष असोज १५ गते नगर स्तरिय जेष्ठ नागरिक घोषणा तथा सम्मान कार्यक्रम गरिने छ ।
- **सम्पूर्ण नगरबासी जेष्ठ नागरिकहरुलाई नागरिकता सिफारिस निशुल्क गरिने छ ।**
- बृद्धाआश्रमको आबश्यक ब्यबस्थापन गरि सञ्चालनमा ल्याइन पहल गरिनेछ ।
- जेष्ठ नागरिकहरुलाई लक्षित गरी हरेक वडामा जेष्ठ नागरिक पार्क तथा उद्यान निर्माण गरिनेछ ।
- वडा र नगरस्तरमा जेष्ठ नागरीक सञ्जाल गठन प्रकृया अगाडी बढाइनेछ ।

**ख) दलित समुदायः**

- समाजमा कला कौशलको धनी दलित समुदायको परम्परागत सिपलाई आधुनिकिकरण गर्दै उद्योगको रुपमा बिकास गरिने निति बनाइने छ ।
- जातिय छुवाछुत एबं भेदभाव बिरुद्धको कानुनलाई कडाईका साथ लागु गरिने छ ।
- दलित तथा दलित महिला सहकारीहरु स्थापना गरी आयआर्जनमा बृद्धि गर्ने र आत्मनिर्भर बन्ने नितिको निर्माण गरिने छ ।
- दलित नमुना बस्ती बिकास कार्यक्रम लागु गरिने छ ।
- जातिय बिभेद र उत्पीडनका बिरुद्ध समानता, बन्धुत्व र मानवता कायम गर्न सहभावमुलक कार्यक्रम सञ्चालन गरिने छ ।
- दलित समुदायलाई व्यवसाय तथा स्वरोजगारमा लाग्न आवश्यक कृयाकलापहरुमा वजेट तर्जुमा गरिनेछ

**ग) बालबालिकाः**

- बालश्रम, बालशोषण, बालबिबाह र बालहिंसा न्युनीकरण गर्न यस सम्बन्धी कानुनहरुलाई  प्रभाबकारी रुपमा कार्यान्वयन गर्न पहल गरिने छ ।
- बालक्लब र बाल संञ्जालहरु मार्फत बालबालिकाको चेतना अभिबृद्धि गरिने छ ।
- नगर पालीकालाई बाल मैत्री नगर घोषणा गरिने छ।
- नगर पालीकाको वडा स्तरीय र नगर पालीका स्तरीय बाल संजाल तथा बाल संरक्षण समितिको क्षमता विकासको लागि विशेष प्रकारको कार्यक्रम संचालन गरिने छ ।
- वाल क्लवहरु लाई आवश्यक सामग्री प्रदान गरी रचनात्मक कृयाकलापमा लाग्न प्रोत्साहन गरिनेछ ।
- हरेक नवजात शिशुको लागि आवश्यक लुगा सहितको न्यानो झोलाको व्यवस्था गरिनेछ ।

**घ) महिलाः**

**"नगरको इच्छा, छोरी लाई शिक्षा"**भन्ने मान्यताका साथ महिला साक्षरता कार्यक्रमलाई प्रभावकारी तवरवाट संचालनमा ल्याइने छ ।

- गाउँस्तरमा महिला सहकारी तथा समुहहरु स्थापना गरी महिलाहरुको आयआर्जनमा बृद्धि गर्ने गरिने छ ।
- महिला हिंसा बिरुद्धको कानुनलाई कडाइका साथ लागु गरि महिला हिंसा न्यूनीकरण कार्यलाई अभियानको रुपमा संचालन गरिने छ ।
- महिलाको क्षमता अभिबृद्धिका लागि सिपमुलक,क्षमता विकास र चेतनामुलक कार्यक्रम संञ्चालन गरिने छ ।
- महिलाहरुको स्वास्थय सुधारका लागि विशेष स्वास्थ्य शिविरहरु सञ्चालन गरिनेछ ।
- महिला तथा वाल बालिकाहरुको पोषणमा सुधार ल्याउनको लागि सुनौलो हजार दिनका आमाहरुलाई  पोषिलो झोला वितरण गरिने छ ।
- सवै वडाहरुमा लैङ्गिक हिंसा न्यूनिकरणका लागि निगरानी समुह गठन गरि परिचालन गरिने छ ।
- महिला सशक्तिकरण मार्फत महिलाहरुलाई नेतृत्वमा ल्याउनको लागि **सवल नेतृत्व विकास कार्यक्रम** संचालन गरिने छ ।
- नगरवाट प्रवाह गरिने सेवा प्रवाहलाई चुस्त दुरुस्त वनाउन सवै महिला जन प्रतिनिधिहरुका लागि क्षमता विकास कार्यक्रम संचालग गरिने छ।
- महिलाहरुको नेतृत्व क्षमतामा भएको विकासको लेखजोखाका लागि नेतृत्वमा आउने महिला हरुको रोष्टर तयार गरिने छ।

- मानव वेचविखान विरुद्धको अभियानलाई सक्रिय रुपमा संचालन गरिने छ ।
- लैङ्गिक हिंसा निवारण कोषलाई निरन्तरता दिईनेछ ।

**ङ)जनजातीः**

- आदिवासी जनजातीहरुको भाषा सष्कृति र भेषभुषा सम्बन्धि सशक्तिकरण कार्यक्रम संचालन गरिनेछ ।
- आदिवासी जनजाती पुरातात्विक बस्तु संग्राहलय स्थापना गर्न पहल गरिनेछ ।
- आदिवासी जनजातीहरुको नमुना बस्ती विकास, भाषालिपी, भेषभुषा संरक्षण गर्नका अध्ययन गरिने छ ।
- आदिवासी जनजाति मुश्लिम र अल्पसंख्यकहरुको जिवनस्तर उकास्त स्वरोजगार तथ उद्यमशिलता प्रवर्धन कार्यक्रम संचालन गरिनेछ ।

**च) अशक्त /अपांगताः**

- हरेक भौतिक पुर्वाधार निर्माण गर्दा अपाङ्ग मैत्री बनाउने  नीति लिइनेछ ।
- अपाङता भएका व्यक्तिहरुको क्षमता विकासका लागि कार्यक्रम बनाइ लागु गरिने छ ।
- अपाङहरुले अध्ययन गर्ने विद्यालयहरुको भौतिक पूर्वाधार विकासमा प्राथमिता दिइने छ ।
- अपांगता भएका व्यक्तिहरु को लागि आवश्यक सहायक सामग्रीको व्यवस्था गरिनेछ ।

**छ) किशोरि कार्यक्रम** :

- गोरखा नगरपालीकाका विद्यालय उमेर समुहका र वाहीरका किशोरीहरुका लागि जिवनउपयोगी कार्यक्रम  संचालन गरिने छ ।
- सवै विद्यालयका किशोरीहरुका लागि सेनेटरी प्याडको उपयोगबारे चेतना अभिवृद्धि गरिने छ ।

## २. आर्थिक विकास नीति

### २.१. कृषि विकास तर्फ

- **"आर्थिक समृद्धीको पहिलो आधार व्यवसायिक कृषि"** भन्ने मूल नाराका साथ नगरपालिका क्षेत्रको संभाव्यताको अध्ययन गरि कृषि उत्पादनमा व्यवसायीकरण, आधुनिकीकरण, यान्त्रिकरण तथा बजारीकरण विशेष जोड दिदै सामुहिक खेती प्रणाली, सामुहिक पशुपालन र विकास गरी कृषि क्षेत्रलाई आत्मनिर्भर र मर्यादित बनाउने नीति अवलम्वन गरिने छ ।
- विभिन्न उपभोग्य बस्तुहरुमा नगर वासीहरुलाई आत्मनिर्भर बनाउनका लागि  कृषि उत्पादन पकेट क्षेत्रहरु निर्धारण गरि आवश्यक पूर्वाधार विकास गरिने  छ ।
- सामुहिक तथा सहकारी खेतीलाई प्रोत्साहित गर्न विशेष अनुदानको व्यवस्था गरिने छ ।
- कृषि अनुसन्धान केन्द्रको स्थापना गरी कृषिका विविध  विषयगत क्षेत्रको अध्ययन गर्ने कार्यलाई प्रभावकारी रुपमा संचालन गरिने छ ।
- कृषि पुर्वाधार सडक, सिचाई, स्टोरेज र संकलन केन्द्रहरुको निर्माणमा विशेष जोड गरीने छ ।
- व्यवसायिक कृषि उत्पादनलाई व्यवथित गर्न स्थानिय कृषकहरुलाई सम्बन्धीत विषयको तालिमको व्यवस्था गरिने छ ।
- कृषि तथा पशु विमा कार्यक्रमलाई प्रवावकारी कार्यन्वयन गर्न अवश्यक योजना तय गरि लागु गरिने छ ।
- रासायनिक मलको डिपो सहकारी संस्थाहरु मार्फत  संचालनको व्यवस्था मिलाईने छ ।
- स्थानीय स्तरमा नै उत्पादीत जैविक वस्तुहरुको प्रयोग गरि प्राङगारीक उत्पादनलाई जोड दिने उद्देश्यले एकिकृत शत्रु जिव व्यवश्थापन(Integrated Pest Management)कार्यक्रमलाई प्रभावकारी तवरवाट संचलन गरिने छ ।
- कृषकहरुलाई आवश्यक मूल बीउ तथा उन्नत बिउ वितरण र पशुको नश्ल सुधारमा अनुदानको व्यवस्था गरिने छ ।
- "थोरै परिमाण, धेरै मूल्यवान "कृषिबस्तु उत्पादन र बजार ब्यबस्थापनमा विशेष जोड दिईने छ ।
- एक वडा एक नमुना कृषि उत्पादनको योजनालाई विशेष जोड दिइने छ ।
- तरकारी उत्पादनबाट नगरपालिकालाई तरकारी आत्मनिर्भर बनाइने छ ।
- उन्नत किसिमका नगदे बाली उत्पादनमा जोड दिइने छ ।
- दुग्ध उत्पादनका लागि बिशेष नीति अबलम्बन गरी दुग्धजन्य उद्योगलाई प्रोत्साहित गरिने छ ।

- स्थानीय स्तरमा पशु जन्य उत्पादनको आयात प्रतिस्थापन गरि निर्यात प्रर्वद्धन गर्ने कार्यक्रम तर्फ अग्रसर गराइने छ ।
- साना सिंचाई मार्फत कृषि उत्पादन वृद्धिमा जोड दिइनेछ ।
- उद्योग वाणिज्य संघ संग साझेदारी गरी उद्यमशिलता विकास कार्यक्रम संचालन गरिनेछ ।
- व्यवसायिक कार्यमा लाग्न युवा तथा कृषकहरुलाई आवश्यक उद्यमशिलता तालिम दिइनेछ ।
- व्यावसायिक कृषि नर्सरीको विकासमा सहयोग गर्ने नीति लिइएको छ ।
- वडा तथा नगरमा कृषक संजालको गठन गरिनेछ ।
- फूल नर्सरी स्थापना गरी फूल खेती तर्फ नगरबासीलाइ आकर्षण गरिने छ ।
- कौशी तरकारी खुतिलाइ प्रवर्धन गरिनेछ ।
- व्यावसायिक कृषक र निर्वाहमुखी कृषकको पहिचान गरी सोही अनुरुप कार्यक्रम सञ्चालन गरिनेछ ।
- शितभण्डार निर्माण कार्यलाई अगाडी बढाईनेछ ।
- वडाहरुमा ,वालीरोग उपचार तथा माटो परिक्षण शिविर सञ्चालन गरिनेछ ।

### २.२. सहकारी विकास तर्फ

- **"गाउँ गाउँमा सहकारी, घर घरमा भकारी"** भन्ने नारालाई आत्मसाथ गर्दै सार्वजनिक, निजी र सहकारीको तिन खम्बे अर्थ नीतिलाई कार्यन्वयनमा विशेष जोड दिइने छ ।
- सहकारीहरुको दर्ता र नियमन शरुवात गरिनेछ ।
- सहकारीहरुको संस्थागत सुशासनमा जोड दिने नीति लिइएको छ ।
- नगरभित्र स्थापना भएका सहकारी संस्थाहरुको अवस्था विश्लेषण संस्थागत विकास, पूर्वाधार निर्माण र व्यवसायिक विकासमा जोड गरिने छ ।
- एक वडा एक वचत तथा ऋण सहकारी संस्था वा एक कृषि सहकारी तथा एक उपभोक्ता सहकारी स्थापना गरी सम्पूर्ण वडामा व्यवस्थापन गर्ने र नभएकोमा स्थापना गरि संचालन गरिने छ ।
- कृषि उत्पादन र वजारिकरणमा सहकारीहरुलाई प्रोत्साहनको लागि विशेष अनुदानको व्यवस्था मिलाईने छ ।
- सहकारी व्यवस्थापन र संचालनको लागी १ वडा १सहकारी प्रशिक्षक उत्पादन गर्न तालिमहरुको व्यवस्था गर्ने र नियमित सहकारी संबन्धि तालिम संचालनको व्यवस्था मिलाईने छ ।
- एक वडा एक विषयगत सहकारी स्थापना गरी प्रत्येक वडामा विषयग सहकारीहरुको एकिकरणको नीति अवलम्वन गरिने छ ।
- सहकारी मार्फत कृषि फार्म तथा कृषि उद्योग संचालनमा प्राथमिकता दिईने छ ।
- सहकारी मार्फत लघु कर्जा लगानीको लागि वित्तिय संस्था तथा बैंकहरुमा समन्वय गर्ने नीति लिइने छ ।
- **२.३.पर्यटन तथा विकासतर्फ**
- **"सुन्दर गोरखा समृद्ध शहर, आम नगरबासीको यहि छ रहर"** भन्ने मुल नाराका साथ पर्यटन प्रबर्द्धन र विकास गर्न सरोकारवाला निकायसँग समन्वय गरि पर्यटन गुरु योजना तयार गरिने गरिने छ ।
- कुन्दुरटार, तेह्र किलो घुम्तिबजार, पस्लाङ, उपल्लो कोट, भिमसेन स्मारक, विन्धवासिनी, कुइरे भिर, भगवति स्थान, देविस्थान, ताप्लेकोट, बुढिकोट, महादेवटारी, चिल्ड्रेन पार्क, नाम्रुङ, खड्गदेवि मन्दिर लगाएत नगर क्षेत्र भित्रको पर्यटकीय स्थलहरुको विकास र सुधार गरिनेछ ।
- नगर क्षेत्र भित्रका विभिन्न जात जाती क्षेत्र झल्कने गरि ग्रामिण पर्यटन प्रर्वद्धनका लागि ग्रामीण पर्यटन अर्न्तगत होम स्टेहरु संचालन गरिने छ ।
- शिखर बेसि तालको निर्माण कार्य अगाडी बढाईनेछ ।
- भ्यू टावर निर्माण कार्य अगाडी बढाईनेछ ।
- गोरखनाथको अग्लो प्रतिमूर्ति निर्माणको कार्य अगाडी बढाईनेछ ।
- गोरखाको एतिहासिक तथा पर्यटकिय महत्व झल्कने गोरखा गेटको निर्माण प्ररम्भ गरिनेछ ।
- चाफ्टीङ र प्याराग्लाइडिङको व्यावसायिक सञ्चालनलाई शुरु गरिनेछ ।

### २.४. औद्योगिक क्षेत्र :

- गोरखाको मात्र नभई नेपालकै गौरवको रुपमा स्थापीत यस नगरपालीका स्थित गोरखकाली रवर उद्योगलाई संचलन गर्न आवश्यक पहल अगाडी वढाइने छ ।
- औद्योगिक कोरिडोरको अवधारणालाई कायम गरि ठुला, मझौला र साना उद्योगहरु संचालन गर्नको लागि आवश्यक नीति तर्जुमा गरिने छ ।
- गरिबीको रेखामुनी रहेको पुर्ण बेरोजगारलाई तालिमको माध्यमबाट उद्यमशिलताको बिकास गराइ उद्यमी बनाइने छ ।
- विशेष आर्थिक क्षेत्र (सेज) स्थापनाको लागि सम्भावित स्थानको खोजि गरी कार्य अघि बढाईनेछ ।

## ३ पूर्वाधार विकासनीति

### ३.१ सडक तथा भौतिक निर्माणतर्फ :

- गोरखा नगरपालिकामा बसोबास गर्ने आम नागरिकलाई रणनैतिक रुपले सडक आवागमनले जोड्नका लागि गोरखामा पर्यटकिय चक्रपथ, व्यापारीक चक्रपथ र सुरक्षा कवच चक्रपथ निर्माण कार्यलाई यसै आ.ब.देखि शुचारु गरिने छ ।
- नयाँ सडक योजनाहरुको सुचिकृत गरी निर्माण कार्यलाई अगाडी बढाइने छ ।
- निर्माण भइ सकेका सडकहरुको स्तर उन्नतीको कार्यलाई अगाडी बढाईने छ ।
- निर्माण व्यवसायिहरु द्धारा नगरपालिका भित्र रहेका निर्माणाधिन केन्द्रीय तथा क्षेत्रिय सडकहरुको अनुगमन तथा नियमनको कार्यलाई प्रभाबकारी बनाइने छ ।
- नगर क्षेत्रका सबै टोल र बस्तीमा पक्की सडक सञ्जाल पुऱ्याइने गरी काम अगाडी बढाइने छ ।
- बजार क्षेत्रमा सडक बिस्तार र कालो पत्रे गरिने छ ।
- नगर क्षेत्रका सवै सडकहरुलाई बाह्रै महिना सवारी साधन चल्ने सडकको रुपमा विकास गरिने छ।
- हरित र वाताबरण मैत्री सडक निर्माणलाई प्रोत्साहन गरिने छ ।
- नगर क्षेत्रभित्रको व्यवस्थित  विकासका लागि एकीकृत नगर विकास गुरुयोजनाको निर्माण कार्य तयार गरि लागू गरिने छ ।
- विषय क्षेत्रगत रुपमा गुरुयोजना तर्जुमा गरी विकास निर्माण कार्यको छनौट गरिनेछ ।
- निर्माण शुरु भई सकेको सार्वजनिक भवन तथा सामुदायिक भवनहरु सम्पन्न गर्ने नीति लिइनेछ ।
- विद्यालय तथा अन्य सार्वजनिक भवनहरुको सुधार गरिनेछ ।

### ३.२.खानेपानी तथा सरसफाईतर्फ

- सफा पानी, स्वस्थ नागरिक, प्रत्येक नागरिकको खानेपानीमा पहुँच पुऱ्याउन एक घर एक धाराको कार्यक्रमलाई अभियानको रुपमा अगाडी बढाइने छ ।
- लिफ्ट खानेपानी योजनाहरुलाई उच्च प्राथमिकतामा राखी माथिल्लो भेगमा रहेका बस्ती  तथा पानीको पहुँच भन्दा बाहिर रहेका बस्तीहरुमा खानेपानीको सहज ब्यबस्था गरिने छ ।
- चालु खानेपानी योजनाहरुको मर्मत सुधार तथा ब्यबस्थापनको कार्यलाई अगाडी बढाइने छ ।
- पूर्ण सरसफाईयुक्त नगर निर्माण गर्न आम नागरिकको सहभागितामूलक सरसफाई कार्यक्रम लागु गरिने छ ।
- नगरपालिकाभित्र रहेका खानेपानी संस्थालाई आम उपभोक्ताको पहुँचमा ल्याइने छ ।
- खानेपानीको उपलब्धता र गुणस्तर सुधाारका लागि उपभोक्ता समितिहरु संग मिलेर कार्यक्रम सञ्चालन ।
- सरसफाई सेवा व्यवस्थापन गर्न टोल विकास संस्थासंग साझेदारी गरीनेछ ।

### ३.३. बिद्युत तथा उर्जा बिकास तर्फ

- सरकार र जनताको संयुक्त शेयर लगानीमा बिद्युत उत्पादन गर्ने नेपाल सरकाराको नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयनमा पहल गरिने छ ।
- नगरपालिकाको सबै बस्तीमा बिद्युतको विस्तार गरिने छ ।
- नगर क्षेत्रभित्रको  बिद्युत लाइनलाई ब्यबस्थीत गरिने छ ।
- काठेपोल विस्थापित गर्ने अभियानलाई तिव्रता दिइनेछ ।

**३.४ नगर यातायातः**

- नगरपालिका क्षेत्र भित्र नगर यातायात  संचानलन गर्न आवश्यक अध्ययन गरिने छ ।
- नगरपालिकाको क्षेत्र भित्र व्यवश्चित बसपार्क निर्माण गर्ने कार्यलाई अगाडी बढाइने छ
- बजार क्षेत्रमा यातयातलाई व्यवस्थित बनाई सम्भाववित घटना वा विपत लाई न्यूनिकरण गर्न ट्राफिक संकेत र ट्राफिक वत्ति को व्यवस्था गरिने छ ।

**३.५. निर्माण सेवा तर्फ**

- नेपाल सरकारको नीति अनुरुप निर्माण सेवाहरु दर्ता,नबिकरण र संञ्चालन गर्ने नीति निर्माण गरिने छ ।
- नगरपालिका क्षेत्रभित्र ठुला, मझौंला र साना भौतिक पूर्बाधार निर्माण कार्य सञ्चालन गर्दा गुणस्तर कायम गर्ने नीति लिईनेछ ।
- निर्माण हुने भौतिक पूर्वाधारहरुको गुणस्तर परिक्षणका लागि नगरपालिकामा प्रयोगशाला स्थापना गर्न पहल गरिनेछ ।

**४. वन, वातावरण तथा विपद व्यवस्थापन नीति**

**४.१.वन तथा वाताबरण तर्फ**

- नगरभित्र रहेका वन उपभोक्ता समिति र समुहहरुको नियमन र नियन्त्रण गर्दै वन संरक्षण र बिकास गर्ने नीति अवलम्बन गरिने छ ।
- जथाभाबी अनियन्त्रीत रुपमा भइरहेको ढुङ्गेखानी र गिट्टी बालुवा उत्खलन्लाई रोकी ब्यबस्थीत गरिने    छ ।
- बहुमुल्य जडीबुटी खेतीको सम्भावब्यता अध्ययन गरी सरकारी तथा सामुदायिक लगानीको माध्यमबाट जडीबुटी खेती गरी आयआर्जनमा बृद्धि गर्ने नीति लिइने छ ।
- वन क्षेत्रभित्र हुने चोरी शिकारी रोकी वन्यजन्तुको संरक्षण गरिने छ र वन डढेलो, वन अतिक्रमण र काठ चोरीलाई नियन्त्रण गर्ने नीतिलाई कार्यान्वयनमा प्रभावकारीता ल्याइने छ ।
- वन पैदवार, वनजंगल र बृक्षारोपन सम्बन्धी बिशेष कार्य योजना निर्माण गरी लागु गरिने छ ।
- एक वडा एक पोखरी निर्माण कार्य अगाडी बढाईनेछ ।

**४.२. विपद् व्यवस्थापन :**

- **न**गर स्तरिय विपद् व्यवस्थापन सम्बन्धी आकस्मिक राहत कोष खडा गरिने र उद्धार कार्यको लागि राहत सामाग्री र जनशक्ति सम्बन्धी आवश्यक नीति तर्जुमा गरिने छ ।
- भु-क्षय तथा बाढी पहिरो नियन्त्रण सम्बन्धी आबश्यक कार्य अगाडी बढाइने छ ।
- भुकम्प प्रतिरोधी घर निर्माण गर्ने कार्यलाई प्रोत्साहित गरिने छ ।
- भवन निर्माण संहितालाई कडाइका साथ लागु गरिने छ ।
- बिपद् पूर्वतयारी तथा प्रतिकार्य योजना बनाई कार्यान्वयन गरिने छ ।
- ब्यबस्थित बस्ती बिकासका लागि आबश्यक कार्ययोजना बनाइ अबलम्बन गरिने छ ।
- बिपद् पूर्बतयारीका लागि समुदायको क्षमता बिकास सम्बन्धी क्रियाकलापका लागि अन्य सरकारी, ज) गैरसरकारी संघ संस्थाको रचनात्मक सहयोग प्राप्तीका लागि पहल गरिने छ ।
- बिपद् जोखिम न्युनिकरण सम्बन्धी कार्य योजना बनाई लागु गरिने छ ।
- पर्या पर्यटनलाई प्राथमिकता दिइने छ ।
- सामुदायिक वनहरुको विकासका लागि सामुदायिक वन उपभोक्ता समितिहरु संग सहकार्य गरिनेछ ।
- सार्वजनिक वन तथा पार्कहरुमा वृक्षारोपण गरी प्राकृतिक संरक्षण गर्ने नीति लिइएको छ ।
- व्यावसायिक नर्सरी र फलफुल नर्सरीको स्थापना र संचालनका लागि सहयोग गर्ने नीति लिइएको छ ।
- विपद व्यवस्थापनका लागि वडा तथा नगर स्तरीय कार्यक्रम संचालन गरिनेछ ।
- वारुण यन्त्र संचालनकाा लागि आवश्यक व्यवस्था गरिनेछ ।
- टोल विकास संस्थाहरु संग सहकार्य गरी फोहोरमैला  व्यवस्थापन गर्ने नीति लिइनेछ ।

- पानीका मुहानहरुको संरक्षण गर्ने र प्रत्येक वडाहरुमा पोखरी निर्माण गर्ने नीति लिइएको छ।
- सरसफाईलाई प्राथमिकता दिई मुख्य नगर क्षेत्रहरुबाट फोहरलाई श्रोतमा नै वर्गिकरण गरी व्यवस्थापन गर्ने नीति लिइएको छ।

**४.३. बजार ब्यबस्थापन तथा ढल निकास तर्फ**

- बजार क्षेत्रभित्र रहेका सबै सडकहरुको स्तरोन्नती गरी आवागमनमा सहजता पैदा गरिने छ।
- बजार क्षेत्रभरी रहेको सडक तथा सार्बजनिक अतिक्रमणलाई ध्यानमा राखी खुल्ला सडक, सफा शहर (Open Road Cleen Market) को अबधारणालाई नीतिगत रुपले लागु गरिने छ।
- बस्ती बिकासका लागि बजार क्षेत्रहरुमा मापदण्ड अनुसारका भवन संरचना निर्माण गरी ब्यबस्थीत  नगरभित्र शहर बनाइने छ।
- नगर क्षेत्रभित्र सार्बजनिक जग्गाहरुको बढ्दो अतिक्रमण गर्ने कार्यलाई नियन्त्रण गरिने छ।
- खानेपानी, टेलीफोन लाइन, बिद्युत लाइन र केबुल लाइनलाई ब्यबस्थीत गर्ने कार्यलाई बिशेष जोड दिइने छ।
- बजारलाई सुन्दर र सफा राख्न बजार क्षेत्रभित्रको ढल निकासको कार्यलाई ब्यबस्थीत रुपले संञ्चालन गरिने छ
- बजारभित्र रहेका उपभोग्य ब्यपार सेवाको लागि बिषयगत क्षेत्र निर्धारण गरिने छ।
- उपभोग्य बस्तुहरुको बिक्री बितरण कार्यको लागि नियमित अनुगमन गरिने छ र अखाद्य तथा समय नाघेका खाद्यबस्तुको बिक्री बितरण कार्य बन्द गरिने छ।
- ल्याण्डफिल्ड साइटको उचित ब्यबस्था गरी आबश्यक कार्य अगाडी बढाइने छ।
- कुहिने, नकुहिने र सिसा जन्य  फोहर छुट्टयाई फोहोरबाट मोहर बनाउने कार्यलाई अगाडी बढाइने छ।
- बजार सफा राख्न चोकहरुमा आवस्यक डस्टवीनहरु  राखिने छ।
- फोहोर मैला ब्यबस्थापन सम्बन्धी आबश्यक नीति, योजना, कार्यक्रम र ऐन कानुन निर्माण गरी प्रभावकारी रुपमा लागु गरिने छ।
- फोहोर मैला ब्यबस्थापनका लागि टोल तथा बस्तीस्तरका समुह वा समितिहरुलाई प्रोत्साहन गरिने छ।
- व्यवस्थित ल्याण्डफिल साइटको संभाव्यता अध्ययन गरिनेछ।
- त्यसैगरी जैविक फोहरबाट मल तथा वायोग्यास उत्पादन गर्न संभाव्यता अध्ययन गरिनेछ।

**५. सुशासन र संस्थागत विकास नीति**

**५.१., शान्ति, सुरक्षा र सुशासन :**

- हरेक नागरिकले शान्ति सुरक्षा र अमनचैनको प्रत्याभुतिको अनुभव गर्ने गरि सरकारी सुरक्षा नीति कार्यान्वयनमा सहयोग गरिने छ।
- न्यायमा सहज पहुँच सुनिश्चतताका लागि न्यायिक समितिलाई सक्रिय बनाउनुका साथै क्षमता विकासका कार्यक्रमहरु संचालनमा ल्याइने छ।
- कानुन बमोजिम नागरिकको निगरानीमा काम गर्ने वातावरणको सृजना गर्न **" कर्मचारीहरुलाई विशेष प्रोत्साहन कार्यक्रम "**संचालन गरि दैनिक सेवालाई झन्जटमुक्त, सरल र छिटोछरितो गराउन नगरपालिकाले बिशेष पहल गर्ने छ।
- नगरपालिकाको लागि नेपाल सरकारले प्रस्ताव गरेको कर्मचारी दरवन्दी तेरिज, स्थानीय तहमा हस्तान्तरण भै आउने विषयगत शाखाका कर्मचारीहरुको दरवन्दी, साविकमा गोरखा नगरपालिकाले स्वीकृत गरेको दरबन्दीको तेरिज, कार्यवोझ समेतलाई ध्यान दिदैं यस नगरपालिकाको संगठन सर्भेक्षण अध्ययनको कार्यलाई अगाडी बढाइ कर्मचारी व्यवस्थापन गरिने छ।
- परिर्बतनलाई संस्थागत र व्यबहारिक गराउनको लागि आम नागरिकलाई स्थानीय सरकारसँग प्रत्यक्ष जोड्न प्रयत्न गरिने छ।
- नगर स्तरिय अनुगमन समिति गठन गरी नगरपालिका क्षेत्र भित्रका सम्पूर्ण गतिविधिहरुको अनुगमन कार्यलाई व्यवस्थित गरिने छ।
- सामाजिक न्याय प्रबर्धनका लागि बिकासका प्रतिफलको न्यायोचित बितरण गर्ने प्रणालीको बिकास गरिने छ।
- संबिधानमा उल्लेखित ब्यबस्थाहरु,संघिय र प्रादेशीक तथा स्थानीय कानुन तथा कार्यबिधीहरु अनुरुप रहि नगर प्रशासन सञ्चालन गरिने छ।

## ५.२. सुचना तथा संञ्चार तर्फ

- सबै वस्तिहरुमा टेलिफोन तथा मोबाइल सेवा पुऱ्याउन पहल गरिने छ र सवै वडाकार्यालयहरुमा इन्टरनेट सेवालाई बिस्तार गरिने छ ।
- प्रत्येक वडामा पहुँच पुग्ने गरी छापा माध्यम तथा बिधुतिय माध्यमका सञ्चार सेवा र संञ्चार माध्यमको प्रवर्द्धन गरिनेछ ।
- जिल्ला स्थित संचार क्षेत्रमा कार्यरत विभिन्न संचारकर्मीहरुको क्षमता विकास गर्नुका साथै संचार गृह निर्माणमा सहयोग गरिने छ ।
- नागरिकहरुमा जनचेतना अभिवृद्धि गर्न स्थानीय संचार माध्यमहरु संग सहकार्य गरि अघि बढ्ने नीति लिइएको छ ।

## ५.३ पारदर्शिता तथा जवाफदेहिता

- नगरपालिका कार्यालय, वडा कार्यालयहरु, सामुदायिक विद्यालयहरु र स्वास्थ्य चौकीहरुको व्यवस्थित संचालनको लागि आवश्यक श्रोत साधनको विनियोजन गरी अघि बढ्नेछ ।
- जनप्रतिनिधिहरु र कर्मचारीहरुको क्षमता विकास कार्यक्रम संचालन गरिनेछ ।
- स्थानीय राजश्व परिचालनका लागि विद्यमान व्यवसाय कर लगायतका श्रोतहरुको पुनरावोलन गरिनेछ ।
- सेवा प्रवाहको मापदण्ड स्पष्ट गरी कार्यहरु व्यवस्थापन गरिने छ ।
- वडा कार्यालयहरुको पूर्वाधार सुधारको कार्य गरिनेछ ।
- सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोगलाई वढावा दिइनेछ ।
- सरकारी र गैर सरकारी संस्थाहरु संमन्वय गरी विकास निर्माण लगायतका कार्यहरु अघि बढाइनेछ ।
- नगरपालिकाको वस्तुगत स्थिति झल्कने नगर प्रोफाइल तयार गरिनेछ ।
- स्थानीय तथ्याङक व्यवस्थापन गरी योजना तर्जुमा तथा समानुपातिक विकासको नीति निर्माणको आधार श्रृजना गरिनेछ ।
- गुणस्तरीय पूर्वाधारका लागि सामाजिक परिचालन अभियानलाई सवै विकास निर्माणका कार्यहरुमा अवलम्वन गरिने छ।
- सार्वजनिक सुनुवाई तथा सार्वजनिक लेखा परीक्षण कार्यलाई अनिवार्य शर्तको रुपमा सवै योजना तथा कार्यक्रमहरुमा समावेश गरिने छ ।
- शान्ति सुरक्षाको प्रत्याभुती गराउन  स्थानिय प्रशासन संग आवश्यक समन्वय गरिनेछ ।

## ५.४ नगर प्रहरी

- नेपालको संविधान को धारा २२६ को अधिनमा रही नगर प्रहरी  ऐन ,नियमल बनाइ नगर प्रहरीलाइ सकृय बनाइने छ ।
- स्थानीय तह संचालन कार्यविभि अनुरुप शान्ति ,सुरक्षा र जनसेवाको कामलाइ व्यवस्थित गर्न नगर प्रहरु गठन प्रकृया अगाडी बढाइने छ ।

उल्लेखित नीतिहरु कार्यान्वयन गर्न आवश्यक बजेट र कार्यक्रम तर्जुमा गरी लागु गरिनेछ ।
नगरसभा सदस्य ज्यूहरु
नगरपालिकाको प्रस्तुत नीति तथा कार्यक्रम यस गरिमामय सभामा छलफल भई पारित हुने विश्वास लिएको छु । नगरपालिकाको नीति तथा कार्याक्रमको प्रभावकारी कार्यन्वयन गर्नमा सम्पूर्ण जनप्रतिधिहरु सरकारी तथा गैरसरकारी संस्थाहरु सरकारी र निजि क्षेत्रको साथ र सहयोग रहने अपेक्षा व्यक्त गर्दछु । अन्त्यमा यस नीति तथा कार्यक्रम तर्जुमा गर्न सहयोग गर्नु हुने नगरकार्यपालिका सदस्य लगाएत सम्पूर्ण  नगरसभा सदस्य ज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु, महत्वपूर्ण सुझाव दिनुहुने राजनितिक दलहरु, नागरीक समाज, निजि क्षेत्र, गैरसरकारी क्षेत्र, सहकारी संघ संस्था, टोल विकास संस्था लगाएत सम्पूर्ण नगरवासिहरुमा धन्यवाद सहित आभार व्यक्त गर्दछु ।

धन्यवाद ।

राजन राज पन्त
नगर प्रमुख